नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(.......................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

## प्रथम चरणमा अनलाईन माध्यमबाट हुने राष्ट्रव्यापी युवा मैत्री लोक दोहोरी गायन प्रतियोगितामा सहभागिताका लागि आवेदन पेश गर्न गरिएको सार्वजनिक सूचना

यस परिषदको वार्षिक कार्यक्रम अनुसार कला, साहित्य संस्कृती र मनोरञ्जनका क्षेत्रमा क्रियाशील युवाहरुको संरक्षण तथा प्रवर्धन कार्यक्रम अन्तर्गत राष्ट्रव्यापी युवा मैत्री लोक दोहोरी गायन प्रतियोगिता संचालन हुन गई रहेको हुदाँ देहाय बमोजिमका योग्यता भएका युवाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस युवा परिषदको वेभसाइट www.nyc.gov.np मा रहेको गुगल फर्म (google form) मा रहेका विवरण प्रविष्ट गरी आवेदन पेश गर्नुहुन अनुरोध छ।

**सहभागी लोक गायकका योग्यता\आधार**

- १६वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
- यस अघिनै गायन क्षेत्रमा ख्याति प्राप्त नगरेको ।
- राष्ट्रप्रेम एवम् युवा जागरण सम्बन्धी विषयमा लोक भाकामा गीत गाउन सक्ने।
- नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा सफाई पाएको।

**प्रतियोगिताका चरणहरु:**

१. छनोट चरण: Zoom/video record मार्फत मुलुकभरका युवा लोक गायकहरुको सहभागीता।
२. द्धितीय चरण: प्रथम चरणबाट छनोट भएका युवा लोकगायकहरु मध्येबाट महिला र पुरुष दुवैको सहभागीता रहने गरी कम्तीमा १२ वटा समुह बनाई भौतिक उपस्थितिमा प्रतिस्पर्धा गराइनेछ। लोक गितको विषय (Theme) तत्काल कार्यक्रम स्थलमा नै उपलब्ध गराइनेछ।
३. तृतीय चरण: द्धितीय चरणबाट छनोट भएका सहभागीहरूका विच प्रतिस्पर्धा गराइनेछ।
४. चतुर्थ चरण: तृतीय चरणबाट छनोट भएका प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान प्राप्त युवा लोक गायकहरुलाई पुरस्कृत गरिनेछ।

०७७/१०/११